# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-३ सङ्ख्या-१ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०७६/०३/२५

## भाग-२

**बलेफी गाउँपालिका**

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### बलेफी गाउँपालिकाको स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

**प्रारम्भिक** : स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलव्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित जनमुखी र प्रभावकारी बनाउन, स्वास्थ्य सेवाको सल्वालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान, स्वास्थ्य नीति, २०७१ र जनस्वास्थ्य सेवा ऐन, २०७५ को उद्देश्य कार्यान्वयनमा सहयोग पुऱ्याउन,

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि यो कार्यविधि तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : १.१ यस कार्यविधिको नाम "**बलेफी गाउँपालिकाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६**" रहनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

२.१ "आधारभूत स्वास्थ्य सेवा" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यवाट सुलभरुपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

२.२ "स्थानीय तह" भन्नाले बलेफी गाउँपालिका सम्झनु पर्दछ।

२.३ "स्थानीय स्वास्थ्य संस्था" भन्नाले स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द र आयुर्वेद औषधालय तथा केन्द्र सम्झनु पर्दछ।

२.४ "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

२.१ **<u>स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधिको उद्देश्य</u>** : यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्दै आफ्नो आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आफै व्यवस्थापन गर्न स्थानीय स्रोतको सदुपयोग र जन सहभागिता परिचालन गरी सुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने।

२.२ **<u>समितिको गठन</u>** : १. समितिको गठन यस कार्यविधिको परिच्छेद ७ मा उल्लेख भए बमोजिम हुनेछ।

२. पदावधि : समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ ।

३. पद रिक्त हुने अवस्थाः निर्वाचित पदाधिकारीहरुको हकमा निमित पदावधि समाप्त भएपछि स्वतः समितिको पदावधि समेत समाप्त हुनेछ। मृत्यु भएमा, राजिनामा दिई सी राजिनामा स्विकृत भएमा, फौजदारी अभियोग लागेमा, लगातार तीनवटा बैठकमा विना सूचना अनुपस्थित भएमा समेत पद रिक्त हुनेछ।

२.३ **<u>बैठक सम्बन्धी कार्यविधि</u>** : १. समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन् । दुबैको अनुपस्थितिमा तोके बमोजिम वा उमेरमा सवैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन्।

२. समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ। आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ।

२.४ **<u>समितिको काम कर्तव्य र अधिकार</u>** : समितिको कार्य अधिकार देहाय बमोजिम हुनेछः-

क. अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने, र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने।

ख. स्वास्थ्य संस्थाबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने। वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था गर्ने।

ग. स्वास्थ्य संस्थालाई प्राप्त कार्यकम, योजना, सूचना र परिपत्रहरु भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने।

घ. सम्बन्धित स्थानीय तहले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी संम्वन्धित तहमा पेश गर्ने।

ङ. सामुदायिक स्वास्थ्य इकाई/स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य सेवा केन्द्र/प्राथमिक स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्रको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।

च. स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।

छ. स्वास्थ्य सेवावाट वञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने।

ज. स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रबाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने।

झ. स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने। प्रदेश तथा संघीय सरकारका तर्फवाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने।

ञ. गाउँपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनसंग सम्बन्धी विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने।

ट. स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने। समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

२.५ **<u>बैठकको गणपुरक संख्या</u>** : समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

३. **<u>कार्यक्षेत्र</u>** : स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ :-

३.१. नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic HealthCare Package) प्रवाह र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने।

३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (क) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुँदा १ देखि १२) कार्यकमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने (अनुसूचि-१)।

३.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यकमहरु (बुँदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने (अनुसूचि-२)।

३.४ स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको (Wider Social Determinants of Health) कारणबारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागुगर्न नेतृत्व प्रदान गर्ने।

३.५. स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने।

३.६ सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायकर स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

३.७ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने।

३.८. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को भागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने।

३.९. स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने। रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने।

३.१०. स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।

३.११. स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जबाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने।

३.१२ विद्युतीय स्वास्थ्य (e-Health) को अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने। सोको कार्यान्वयनका लागि गाउँपालिका र सोभन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग आवश्यक सहयोग र समन्वय गर्ने।

३.१३ आफ्नो कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन, अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने।

३.१४ आफ्नो कार्यक्षेत्रका सेवाग्राहीहरुकावीच स्वास्थ्य विमा कार्यकमकोकार्यान्वयनका लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने र सेवाको कार्य सम्पादन र यसको उपयोगिताको नियमित समीक्षा गर्ने।

३.१५ आयुर्वेद, होमियोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा जस्ता बैकल्पिक स्वास्थ्य सेवा तथा कार्यक्रमहरुलाई आफ्नो योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने।

३.१६ समुदायमा आधारित प्रवर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रमहरु योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने।

३.१७ महामारी तथा प्राकृक्तिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आबश्यक व्यवस्थापन गर्ने।

३.१८ प्रेषण प्रणालीलाईकियाशील बनाउन आधुनिकीकरण तथा व्यवस्थित गर्ने।

३.१९ सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने।

४. **<u>वित्तीय व्यवस्थापन</u>** : स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रचलित आर्थिक ऐन नियमहरुको परिधिभित्र रही कार्यक्रमहरु सञ्चालन गर्न निम्न बमोजिम वित्तीय व्यवस्थापन गर्न सक्नेछन् :-

४.१ **<u>वित्तीय व्यवस्थापन</u>** : स्थानीय स्वास्थ्य संस्थाको वित्तीय व्यवस्थापन नेपाल सरकारको आर्थिक ऐन, स्थानीय सरकार संचालन ऐन, २०७४ र बलेफी गाउँपालिकाकोआर्थिक ऐन नियम अनुसार हुनेछ।

४.२ **<u>बजेट तर्जुमा</u>** : (क) स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले योजना तर्जुमाको सात चरण अनुरुप तोकिएको अवधिभित्र आगामी आर्थिक वर्षको कार्यक्रम तथा वजेट निर्माण गरी बलेफी गाउँपालिकाको वडामा पेश गर्नु पर्दछ।

(ख) बजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, गाँपालिकाबाट प्राप्त हुने सहयोग, अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैह्रसरकारी संस्थाबाट प्राप्त रकम तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनु पर्दछ।

४.३ **खर्च तथा अभिलेख** : (क) दरवन्दी अनुसारको जनशक्तिको लागि आवश्यक तलब भत्ता, औषधि तथा उपकरणहरुको कमी नहुने गरी संघीय सरकारबाट प्राप्त अनुदान सुनिश्चित गरी अन्य प्रशासनिक खर्चमा बजेट बाँडफाँड गर्नु पर्नेछ। दरबन्दी वाहेक जनशक्ति आवश्यक परेमा स्थानीय स्रोतले भ्याउने भएमा मात्र सेवा करारमा थप जनशक्तिको व्यवस्था गर्न सकिनेछ। थप कर्मचारी व्यवस्था गर्दा स्विकृत मापदण्ड र प्रक्रिया अनुसार दक्ष प्राविधिकलाई प्राथमिकता दिनु पर्नेछ।

(ख) प्रत्येक चौमासिकको लागि निर्धारण गरिएका स्वास्थ्य कार्यक्रमहरुको स्वीकृत रकम निकासाको लागि गाउंपालिका, वडा कार्यालयमा लिखित अनुरोध गर्नु पर्नेछ।

(ग) प्राप्त रकम सम्वन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सोको अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नु पर्दछ। प्रत्येक चौमासिकको भौतिक तथा वित्तीय प्रगतिवारे समीक्षा गरी आगामी चौमासिकको लागि वजेट माग गर्नु पर्नेछ।

(घ स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको चल, अचल सम्पत्तीको अभिलेख अध्यावधिक गरी ठीक दुरुस्त राख्नु पर्नेछ ।

(ङ) प्रचलित कानून वमोजिम प्रत्येक वर्ष स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा समाजिक परीक्षण गराउनुपर्नेछ ।

४.४ **स्थानीय संस्थाका स्वास्थ्य आर्थिक स्रोतहरु :**

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त अनुदान।

(ख) विभिन्न व्यक्ति, दाता, गुठी र उपभोक्ता समूहहरुबाट प्राप्त अनुदान वा सहयोग।

(ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाबाट उपलब्ध सहयोग।

(घ) स्वास्थ्य संस्थाको आन्तरिक स्रोत जस्तै काठ, दाउरा, घाँस, अन्न तथा फलफूल विक्रि, जमिन, सटरको भाडा आदिबाट उठेको रकम तथा अन्य लगानी वा कार्यक्रमबाट भएको आर्जन।

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य एवं उत्तरदायित्व देहाय बमोजिम हुनेछ।

**५.१** **<u>संरक्षक</u>** : ५.१.१ आफ्नो गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुको लागि सामाजिक विकास र स्वास्थ्य शाखा लगायत स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने।

५.१.२ गाउंपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने।

**५.२** **<u>अध्यक्ष</u>** : ५.२.१ अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने।

५.२.२ योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने।

५.२.३ कार्य योजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने। स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सो को सुनिश्चितता गर्ने।

५.२.४ कर्मचारीहरुको कामको नियमित मूल्याकंन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने, चेतावनी दिने वा प्रचलित ऐन बमोजिम कारबाहीको लागि सिफारिस गर्ने।

५.२.५ कर्मचारीहरुलाई आवश्यकता अनुसार काज, तालीम वा गोष्ठीमा पठाउने ।

५.२.६ स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने।

५.२.७ समितिको बैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

५.२.८ समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लागत अद्यावधिक गराउने ।

**५.३** **उपाध्यक्ष** : ५.३.१ अध्यक्षले गर्ने माथिका सबै कार्यहरुको अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नेछन्।

**५.४** **सदस्यहरु** : ५.४.१ स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रकियामा सक्रिय सहभागिता जनाउने र आवश्यक सहयोग पुर्‍याउने।

५.४.२ स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग पुर्‍याउने ।

५.४.३ कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिलाई जानकारी दिने।

५.४.४ समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी बहन गर्ने।

५.४.५ अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने अवस्था परेमा अध्यक्षता गर्ने ।

५.४.६ समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने।

५.४.७ समितिका सदस्यहरुले पालैपालो गरी क्लष्टर स्तरीय (रिपोर्टिङ्ग सेन्टर स्तरीय) मासिक समीक्षामा भाग लिने ।

५.४.८ आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सबै इकाईमा नियमित सन्चालन हुने व्यवस्था गर्ने।

५.४.९ स्वास्थ्य क्षेत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्य गर्ने गराउने ।

**६.** **स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी व्यवस्था (Health activities operation and management at local level health facility)** : ६.१ आधारभूत स्वास्थ्य तथा सरसफाई सेवाहरुलाई आधार मानी स्थानीय स्वास्थ्य संस्थाहरुवाट सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरु तथा क्रियाकलापहरु देहाय बमोजिम हुनेछन् :-

| स्वास्थ्य कार्यकमहरु | प्रा. स्था. से. के. | श.स्वा.के. | स्वा.चौ. / आ.स्वा.से.के. | सा.स्वा.इ. |
|---|---|---|---|---|
| योजना तर्जुमा | | | | |

| | | | | |
|---|---|---|---|---|
| (क) स्वास्थ्य संस्था प्रोफाईल तयार गर्ने र नियमित रुपमा अद्यावधिक गरी राख्ने । | √ | √ | √ | √ |
| (ख) राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफ्नो कार्यक्षेत्रको आबधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने। | √ | √ | √ | - |
| (ग) स्वीकृत भई आएका कार्यक्रमहरु कार्यान्वयनको लागि मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाँडफाँड गर्ने। | √ | √ | √ | - |
| (घ) कार्ययोजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने । | √ | √ | √ | √ |
| **परिवार नियोजन कार्यक्रम** | | | | |
| (क) कार्यक्षेत्रभित्र परिवार नियोजन सेवा दिनुपर्ने लक्षित समूहका दम्पतीहरुको लगत तयार गर्ने र अद्यावधिक गरी राख्ने । | √ | √ | √ | √ |
| (ख) परिवार नियोजनको आवश्यकता, महत्व र फाईबाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने । | √ | √ | √ | √ |
| (ग) परिवार नियोजनको सेवा तथा परामर्श सेवा उपलव्ध गराउने । | √ | √ | √ | √ |
| (घ) बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनना सघाउ पुर्याउने । | √ | √ | √ | √ |
| (ङ) परिवार नियोजनका साधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने । | √ | √ | √ | √ |
| (च) परिवार नियोजनका साधनहरुको पर्याप्त मौज्दात कायम राख्ने । | √ | √ | √ | √ |
| **सुरक्षित मातृत्व** | | | | |
| (क) प्रत्येक गर्भवती महिलाको विवरण राख्ने। | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (ख) गर्भवती महिलाहरुलाई कम्तिमा ४ पटक परीक्षण गरी सेवा र परामर्श दिने । | √ | √ | √ | √ |
| (ग) स्वास्थ्य संस्थामा सुरक्षित पशुती सेवा प्रदान गर्ने । जटिल अवस्थाका गर्भवती तथा प्रशुतीलाई प्रेषणको व्यवस्था मिलाउने । | √ | √ | √ | - |
| (घ) सुत्केरीपछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरैमा गई सेवा प्रदान गर्ने । | √ | √ | √ | - |
| (ङ) सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा विने, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाबारे बताउने । | √ | √ | √ | √ |
| (च) फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुले गहिला स्वास्थ्य स्वयं सेनिकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरुको विवरण बनाई राख्ने । | √ | √ | √ | √ |
| **खोप** | | | | |
| (क) छोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) खोप लगाउनु पर्ने बच्चा तथा महिलाहरुको लगत तयार गर्ने र अद्यावधिक राख्ने । | √ | √ | √ | √ |
| (ग) खोप क्लिनिक सञ्चालनको लागि आवश्यक सामग्रीहरुको आपूर्ति गर्ने । | √ | √ | √ | - |
| (घ) कोल्डचेन कायम राखी भ्याक्सिन आपूर्ति गर्ने। | √ | √ | √ | - |
| (ङ) खोप क्लिनिक सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (च) खोप दिनुपर्ने बाँकी संख्या पत्ता लगाउने र सुक्ष्म योजना तयार गरी पुरा खोप दिने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **पोषण** | | | | |
| (क) पोषणको महत्वबारे स्वास्थ्य शिक्षा दिने। | √ | √ | √ | √ |
| (ख) २वर्ष मुनिका बच्चाहरुको वृद्धि अनुगमन गर्ने। | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (ग) कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने। | √ | √ | √ | - |
| (घ) कडा खालको कुपोषित व्यक्तिलाई प्रेषण गरी पठाउने । | √ | √ | √ | √ |
| (ङ) भिटामिन ए तथा आइरन कम भई आएका बच्चा तथा गर्भवती महिलालाई भिटामिन ए र आइरन चक्की वितरण गर्ने । | √ | √ | √ | √ |
| (च) आयोडिनयुक्त नुनको प्रयोगको प्रवर्द्धन गर्ने। | √ | √ | √ | √ |
| (छ) सन्तुलित भोजनबारे सबै परिवारसम्म चेतना पुर्‍याउन स्वास्थ्य संस्थाहरुमा नियमित छलफल गर्ने गराउने । | √ | √ | √ | √ |
| **झाडापखाला** | | | | |
| (क) झाडापखाला रोकथामबारे स्वास्थ्य शिक्षा दिने। | √ | √ | √ | √ |
| (ख) ओ.आर.टी. कर्नर स्थापना गरी सेवा गर्ने। | √ | √ | √ | - |
| (ग) झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने । | √ | √ | √ | √ |
| (घ) झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर्जलीय उपचार सामाग्रीहरुको मौज्दात स्थिती अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **श्वास प्रश्वास** | | | | |
| (क) श्वास-प्रश्वास रोगको रोकथामबारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) आएका श्वास-प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति ( Standard Treatment Protocol) अपनाई उपचार गर्ने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (ग) उपचार हुन नसकेका विरामीलाई तत्काले प्रेषण गरी पठाउने र पठाउँदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने । | √ | √ | √ | √ |
| (घ) श्वास प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधिको कमी नहुने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **औलो तथा कालाजार** | | | | |
| (क) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्ने उपायबारे जनचेतना जगाउने । | √ | √ | √ | √ |
| (ख) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्तिको रक्त नमुना संकलन कार्यलाई व्यवस्थित गर्ने। | √ | √ | √ | - |
| (ग) औलो रोग तथा कालाजार शङ्का गरिएका व्यक्तिको रक्त नमूना लिने, प्रयोगशालामा जाँच गर्न पठाउने र निर्देशिका अनुसार उपचार गर्ने । | √ | √ | √ | - |
| (घ) औलो रोग तथा कालाजार नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियमित आपूर्ति हुने व्यवस्था मिलाउने (माग गर्ने/वितरण गर्ने) | √ | √ | √ | - |
| (ङ) प्रभावित क्षेत्रमा सिफारिस गरिएको कीटनासक औषधि छर्कने र फूल वितरण कार्य सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| **क्षयरोग नियन्त्रण** | | | | |
| (क) क्षयरोग रोकथामको लागि स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | √ | √ | √ | √ |
| (ख) शंकास्पद रोगीहरुको खकार नमूना संकलन गरी प्रयोगशालामा पठाउने । | √ | √ | √ | √ |
| (ग) प्रमाणित भएका रोगीको DOTS विधि अनुसार उपचार गर्ने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (घ) दर्ता भएका तर उपचारमा नआउने विरामीको खोजी गरी उपचार नियमित गराउने | √ | √ | √ | √ |
| (ङ) क्षयरोगको उपचारको लागि औषधिको कमी नहुने व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| **कुष्ठरोग नियन्त्रण** | | | | |
| (क) कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पुर्नस्थापना बारे जनचेतना जगाउने | √ | √ | √ | √ |
| (ख) कुष्ठरोगबाट प्रभावितहरुको लागि नियमित क्लिनिक सञ्चालन गर्ने। | √ | √ | √ | - |
| (ग) कुष्ठरोगको उपचार र औषधिको प्रतिक्रियाबारे परामर्श दिने । | √ | √ | √ | - |
| (घ) नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने । | √ | √ | √ | √ |
| (ङ) कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधि अटुट गर्ने व्यवस्था मिलाउने । | √ | √ | √ | - |
| (च) कुष्ठरोगको रोकथाम तथा कुष्ठरोग प्रतिको जनभावनामा परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा दिने/स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | √ | √ | √ | √ |
| **एड्स/तथा यौनरोग** | | | | |
| (क) एच.आई.भी./एड्स/यौनरोग रोकथाम सम्बन्धी स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |
| (ख) यौनरोग को उपचार गर्ने र शंकास्पद व्यक्तिलाई परामर्श तथा आवश्यक परीक्षणका लागि रेफर गरी पठाउने । | √ | √ | √ | - |
| **महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप** | | | | |
| (क) आफ्नो कार्यक्षेत्रमा कुनै पनि महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गर्ने र महामारीको वारेमा | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| स्वास्थ्य संस्थाहरुमा विस्तृत छलफल गराई समुदायलाई सचेत गराउनुकासाथै सो बारे माथिल्लो निकायलाई जानकारी गराउने । | | | | |
| (ख) प्राकृतिक प्रकोपको अवस्थामा आर.आर.टी. सँग समन्वय गरी तत्कालै प्रभावित क्षेत्रमा गई आवश्यक सेवा प्रदान गर्ने । | √ | √ | √ | √ |
| **वातावरणीय सरसफाई** | | | | |
| (क) आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र बरपरको वाताबरण सरसफाई राख्ने । | √ | √ | √ | √ |
| (ख) कार्यालय परिसर, सुई, मलहम-पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राख्ने | √ | √ | √ | √ |
| (ग) चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने । | √ | √ | √ | √ |
| (घ) खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने । | √ | √ | √ | √ |
| **स्वास्थ्य शिक्षा** | | | | |
| (क) स्थानीय मेला, चाडपर्व आदिमा स्वास्थ्य प्रदर्शनी, नाटक, झाँक्री आदिको प्रदर्शन गर्ने। | √ | √ | √ | √ |
| (ख) शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय संचार माध्यमको उचित प्रयोग गर्ने | √ | √ | √ | √ |
| (ग) पोषण, खोप, परिवार नियोजन, सुरक्षित मातृत्व, झाडापखाला, श्वास प्रश्वास, औलो, क्षयरोग, कुष्ठरोग, कालाजार, एड्स/यौनरोग, व्यक्तिगत तथावातावरणीय सरसफाई, लैङ्गिक भेदभाव हटाउने आदि विषयमा स्वास्थ्य संस्थाहरुमा नियमित स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (घ) आफ्नो क्षेत्रभित्रका सबै विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| **गाउँघर क्लिनिक कार्यक्रम** | | | | |
| (क) प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने । | √ | √ | √ | √ |
| (ख) कार्यक्रम सम्बन्धी वडास्तरीय परिचयात्मक गोष्ठीहरु सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ग) गाउँघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (घ) आवश्यक पर्ने औषधि तथा सम्पूर्ण आवश्यक सामाग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने । | √ | √ | √ | √ |
| (ङ) सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका अन्य निर्धारित सेवाहरु प्रदान गर्ने। | √ | √ | √ | √ |
| (च) सुक्ष्म योजना अनुसार गाउँघर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त संख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा यकिन गर्ने। | √ | √ | √ | √ |
| **महिला स्वास्थ्य स्वयंसेविका** | | | | |
| (क) जनसंख्या/कार्यक्षेत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कार्यक्रम संचालन गर्ने। | √ | √ | √ | √ |
| (ख) लक्ष्य अनुसार आधारभूत तालिम नियमित रुपमा सञ्चालन गर्ने। | √ | √ | √ | √ |
| (ग) कार्यक्रमको अर्धवार्षिक समिक्षा र रिफ्रेसर तालिम सञ्चालन गर्ने। | √ | √ | √ | - |
| (घ) महिला स्वास्थ्य स्वयंसेविकाहरुसंग नियमित भेटघाट गर्ने तथा आमा समुहको बैठकमा नियमित भाग लिने । | √ | √ | √ | √ |

| उपचार सेवा | | | | |
|---|---|---|---|---|
| (क) नियमानुसार १० देखि ५ बजेसम्म नियमित रुपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने । | √ | √ | √ | √ |
| (ग) आधारभूत आकस्मिक उपचार सेवा प्रदान गर्ने । | √ | √ | √ | - |
| (घ) अन्तङ्ग उपचार सेवा दिने । | √ | - | - | - |
| (ङ) रक्तचाप (Blood Pressure) परीक्षण, धड्कन/नाडी (एगकिभ) चेक गर्ने, ज्वरो नाप ( Temparature), श्वासप्रश्वास ( Respiration) वृद्धि विकास, तौल उचाई परीक्षण (Growth Monitoring) सम्बन्धी सेवा दिने । | √ | √ | √ | √ |
| (च) बेहोस (Level of Cosciousness), जन्डिस (Assesment for Joundice), रक्तअल्पता (Anemia), लिम्फनोड ( Lymphnode Enlargement), सुन्निएके ( Edema), निलोपन (Cynosis), क्लविङ्ग ( Clubbing), छाती (Chest), मुटु (Heart) सम्बन्धी उपचार सेवा दिने । | √ | - | - | - |
| (छ) नसा सम्बन्धी जाँच (Neurological Examination) मोटर (Motor), सेनसोरी ( Sensory), मानसिक (Mental Function), टाउको र गर्दन (Headand Neck evaluation) | √ | - | - | - |
| (ज) पेट सम्बन्धी (Abdominal Examination), यौनाङ्ग परीक्षण ( Genitalia Examination), स्पाईनल परीक्षण (Spinal Examination), लिम्बस् परीक्षण (LimbsExamination), गर्ने । | √ | - | - | - |
| (झ) नसर्ने रोगहरु जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास प्रश्वास सम्बन्धी रोग, मधुमेह र उच्च रक्तचापको निदान, | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| उपचार, नियन्त्रण तथा रोकथाम सम्बन्धि क्रियाकलापहरूमा सहयोग गर्ने | | | | |
| (ञ) व्यवस्थापन ज्वरो, टाउको दुखेको | √ | √ | √ | - |
| (ट) जीउ दुखेको (Bodyache), खोकी लागेको ( ( Cough), पाँच वर्ष मुनीको बच्चा बिरामी ( IMNCI), न्यून श्वासप्रश्वास Shortness of breath), छाती पोलेको ( Burning Chest), पेट सम्बन्धी (Abdominal Pain), झाडापखाला (Diahoea), बान्ता ( Vomiting/Nausea), कब्जियत Constipation), दीसामा रगत (Bleeding Per Rectum), पिसाबमा रगत (Bleeding Per Vagina), उच्च रक्तचाप ( ( Hypertension), चिनी रोग (Diabetes), मलेरीया (Malaria) सम्बन्धी उपचार र व्यवस्थापन गर्ने । | √ | √ | √ | - |
| **मेडिको - लिगल केश** | | | | |
| (क) घाउचोट, लागुपदार्थ सेवन, बलात्कार आदि पुलिस केश जाँच गरी प्रमाणित गर्ने । | √ | - | - | - |
| (ख) लास जाँच गरी प्रमाणित गर्ने । | √ | - | - | - |
| **अनुगमन** | | | | |
| क) लक्ष्य, प्रगती, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने। | √ | √ | √ | √ |
| (ख) प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समीक्षाको आधारमा सम्बन्धित निकायहरुलाई फिडब्याक दिने । | √ | √ | √ | - |
| (ग) माथिल्ला निकायबाट प्राप्त फिडब्याकलाई स्टाफ बैठक राखी छलफल गर्ने र निर्देशानुसार कार्यवाही गर्ने। | √ | √ | √ | √ |

| प्रशासनिक कार्य | | | | |
|---|---|---|---|---|
| क) आएको सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खादा गरि राख्ने | √ | √ | √ | √ |
| (ख) (ख) पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयगत फाइल खादा गरि राख्ने | √ | √ | √ | √ |
| (ग) प्राप्त पत्रहरुमा आवश्यकतानुसार कारवाही गर्ने | √ | √ | √ | √ |
| (घ) कर्मचारीको हाजिरी, विदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने । | √ | √ | √ | √ |
| (ङ) आगन्तुक तथा सुपरीवेक्षण पुस्तिका बनाई सुपरिवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राख्ने । | √ | √ | √ | √ |
| (च) मातहतका कर्मचारीहरुले आफ्नो कार्य विवरण अनुसार कार्य गराईरहेका छन् भन्ने कुराको यकिन गर्ने। | √ | √ | √ | √ |
| (छ) सञ्चालन समिति, परिषदहरु र इकाईहरुको अभिलेख अद्यावधिक राख्ने । | √ | √ | √ | √ |
| अभिलेख तथा प्रतिवेदन | | | | |
| (क) व्यवस्थापन सूचना प्रणलीले लागु गरेका फर्म, कार्डको प्रयोग गरी सम्पूण स्वास्थ्य कार्यक्रम तथा गतिविधिहरुको अभिलेख राख्ने तथा निर्धारित मितिभित्र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने । | √ | √ | √ | √ |
| (ख) आवश्यक पर्ने फर्म, रजिष्टर, कार्डहरु कमसेकम ३ महिनाको लागि स्टक बाँकी हुँदैमा माग गर्ने । | √ | √ | √ | √ |
| अन्य | | | | |
| (क) स्थानीय स्रोत परिचालन गरी स्वास्थ्य सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने । | √ | √ | √ | √ |
| (ख) थप भएका नयाँ कार्यक्रमहरु निर्देशिका अनुसार सञ्चालन गर्ने । | √ | √ | √ | √ |

| | | | | |
|---|---|---|---|---|
| (ग) कृषि र वातावरणको क्षेत्रमा अन्य सरोकारवाला पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी र स्वच्छ वाावरण निर्माणको, लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने, गराउने कार्यमा सहयोग गर्ने । | √ | √ | √ | √ |

प्रा.स्वा. से. के. = प्राथमिक स्वास्थ्य सेवा केन्द्र,

श. स्वा. के. = शहरी स्वास्थ्य केन्द्र,

स्वा.चौ. = स्वास्थ्य चौकि,

सा. स्वा.ई. = सामुदायिक स्वास्थ्य इकाई,

आ.स्वा. से. के. = आधारभुत स्वास्थ्य सेवा केन्द्र

६.२ **आयुर्वेद औषधालय र अस्पताल** : आयुर्वेद सेवाको कार्यक्षेत्र र कार्यक्रमहरु निम्नअनुसार छन् ।

**६.२.१ कार्य क्षेत्र :**

(क) स्वास्थ्य संरक्षण र प्रबर्धनात्मक सेवा।

(ख) निदानात्मक एवं उपचारात्मक सेवा।

(ग) स्वास्थ्य शिक्षा एवम् जनचेतनामूलक, सन्देशमूलक सेवा।

(घ) जनस्वास्थ्य सरोकारका सेवा।

(ङ) गरीबी निवारण र मातृशिशु रक्षात्मक सेवा।

**६.२.२ आयुर्वेद सेवा कार्यक्रम** :

आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु छन् :-

(क) सेवामूलक कार्यक्रम :

- स्तनपायी आमाका लागि स्तन्यवर्धक आयुर्वेद औषधि वितरण गर्ने।
- जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य संरक्षण, प्रवर्द्धन र पंचकर्म, रसायन योग सेवाको आवश्यक व्यवस्थापन गर्ने ।
- स्थानीय जडिबुटी रोपण तथा लगत संकलन/नमुना जडिबुटी उद्यान निर्माण गर्ने ।

- स्थानीय जडिबुटीबाट क्वाथ, चूर्ण आदि औषधि निर्माण गरी ताजा औषधि प्रयोग गराउने ।
- निःशुल्क स्वास्थ्य शिविरहरु संचालन गर्ने ।
- निःशुल्क दर्ता शुल्क तथा अनुदानको व्यवस्था मिलाउने ।
- योगा, पंचकर्म कार्यक्रम संचालन गर्ने

(ख) सचेतनामूलक कार्यक्रम

- विद्यालय आयुर्वेद शिक्षा कार्यक्रम सञ्चालन गर्ने।
- जडिबुटी सम्बन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- अगुवा कृषकहरुलाई व्यवसायीक जडिबुटी सम्बन्धि तालीम सञ्चालन गर्ने ।
- आयुर्वेद महिला स्वयंसेविका परिचालन गर्ने ।
- जनपदोध्वंश (महामारी) रोगहरु सम्बन्धि व्यवस्थापन र कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय परम्परागत स्वास्थ्यकर्मी, धामी झाँक्री, लामा र आम्वीसँग अन्तरक्रिया, गोष्टी जस्ता कार्यकमहरु संचालन गर्ने।

(ग) विभिन्न सामग्रीहरु तथा औषधि खरिद कार्यक्रम

- प्राथमिक उपचारको लागि आकस्मिक सेवामा प्रयोग हुने औषधि खरिद गर्ने ।
- औषधालयको अत्यावश्यक औषधि खरिद गर्ने।
- रोग निदान तथा उपचारको लागि उपकरण खरिद गर्ने।

७. **<u>स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन</u>** : स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन विधि निम्न बमोजिम हुनेछ ।

**७.१. प्राथमिक स्वास्थ्य सेवा केन्द्र सब्बालन तथा व्यवस्थापनसमिति (७ सदस्यीय) :**

| | **गाउँपालिकाको अध्यक्ष** | **संरक्षक** |
|---|---|---|
| १. | गाउँपालिका भित्र पर्ने प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा अवस्थित वडाको प्रमुख | उपाध्यक्ष |
| २. | समितिले मनोनित गरेको निर्वाचिन बडा महिला सदस्यहरुमध्येबाट एकजना महिला | सदस्य |

| | | |
|---|---|---|
| ३. | प्राथमिक स्वास्थ्य सेवा केन्द्र रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य/मध्येबाट एक जना महिला | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६. | वडा कार्यालय सचिव | सदस्य |
| ७. | सम्बन्धित प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख | सदस्य सचिव |

**७.२ शहरी स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति (७ सदस्यीय) :**

| | **गाउँपालिकाको अध्यक्ष** | **संरक्षक** |
|---|---|---|
| १. | गाउँपालिका भित्र पर्ने शहरी स्वास्थ्य केन्द्र अवस्थित वडाको प्रमुख | उपाध्यक्ष |
| २. | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट एकजना महिला | सदस्य |
| ३. | शहरी स्वास्थ्य सेवा केन्द्र रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य/मध्येबाट एक जना महिला | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६. | वडा कार्यालय सचिव | सदस्य |
| ७. | शहरी स्वास्थ्य केन्द्र प्रमुख | सदस्य सचिव |

**७.३ स्वास्थ्य चौकी/आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति (७ सदस्यीय):**

| | **गाउँपालिकाको अध्यक्ष** | **संरक्षक** |
|---|---|---|
| १. | गाउँपालिका भित्र पर्ने स्वास्थ्य चौकी अवस्थित वडाको प्रमुख | उपाध्यक्ष |
| २. | समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट एकजना महिला | सदस्य |

| | | |
|---|---|---|
| ३. | स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य/मध्येबाट एक जना महिला | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६. | वडा कार्यालय सचिव | सदस्य |
| ७. | स्वास्थ्य चौकी केन्द्र प्रमुख | सदस्य सचिव |

**७.४ सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा व्यवस्थापन समिति (७ सदस्यीय):**

| | **गाउँपालिकाको अध्यक्ष** | **संरक्षक** |
|---|---|---|
| १. | गाउँपालिका भित्र पर्ने सामुदायिक स्वास्थ्य इकाई अवस्थित वडाको प्रमुख | उपाध्यक्ष |
| २. | समितिले मनोनित गरेको निर्वाचिन महिला सदस्यहरुमध्येबाट एकजना महिला | सदस्य |
| ३. | सामुदायिक स्वास्थ्य इकाई रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य/मध्येबाट एक जना महिला | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६. | वडा कार्यालय सचिव | सदस्य |
| ७. | सामुदायिक स्वास्थ्य इकाई प्रमुख | सदस्य सचिव |

**७.५ आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापन समिति (७ सदस्यीय):**

| | **गाउँपालिकाको अध्यक्ष** | **संरक्षक** |
|---|---|---|
| १. | गाउँपालिका भित्र पर्ने अवस्थित आयुर्वेद औषधालय वडाको प्रमुख | उपाध्यक्ष |

| | | |
|---|---|---|
| २. | समितिले मनोनित गरेको निर्वाचिन महिला सदस्यहरुमध्येबाट एकजना महिला | सदस्य |
| ३. | आयुर्वेद औषधालय रहेको क्षेत्रको विद्यालयका प्रमुख/प्राचार्य/मध्येबाट एक जना महिला | सदस्य |
| ४. | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५. | समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना | सदस्य |
| ६. | वडा कार्यालय सचिव | सदस्य |
| ७. | आयुर्वेद औषधालय प्रमुख | सदस्य सचिव |

**नोट :**

१. समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्ति वडाका प्रमुख, शिक्षक प्रतिनिधि/गाउँपालिका वा वडाका सचिव र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

२. समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष वा महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख/प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख/प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिनसक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।

३. बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ ।

   क. दलित जनजातिबाट १ जना

   ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट १ जना

   ग. किशोरकिशोरीहरुको तर्फबाट १ जना

४. गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दात् सैस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ ।

५. गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थापनका लागि पहिले गठित स्वास्थ्यसंग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## अनुसुचीहरुः

## अनुसुची-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (क) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित काम, कर्तव्य र अधिकारहरु :

**आधारभुत स्वास्थ्य र सरसफाई :**

(१) आधारभुत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन

(२) आधारभुत स्वास्थ्य, प्रजनन स्वास्थय र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन

(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

(४) स्वास्थ्य सेवा सम्बन्धि भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

(५) स्वच्छ खाने पानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन

(६) सरसफाई सचेतना अभिवृद्धि र स्वास्थ्य जन्य फोहोरमैलाको व्यवस्थापन

(७) स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन, पुन उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन

(८) त्त संतार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन

(९) औषध पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन

(१०) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धि सेवा सञ्चालन, अनुमति, अनुगमन रनियमन

(११) महिला तथा वालवालिकाको कुपोषण न्युनीकरण रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

## अनुसूचि-२

नेपालको संविधान अनुसूचि - ९ मा उल्लेख भए वमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने स्थानीय सरकारको स्वास्थ्यसंग सम्बन्धित साझा अधिकार सम्बन्धि कार्यकमहरु :

**स्वास्थ्य :**

(१) संघीय तथा प्रदेशस्तरप्ड लक्ष र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धि लक्ष र गुणस्तर निर्धारण गर्ने

(२) जनरल अस्पताल, नर्सिङ्गहोम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुके क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडिबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण

(४) स्वास्थ्य बीम लगायतका सामाजिम सुरक्षा कार्यक्रमको व्यवस्थापन

(५) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण

(७) स्थानीयस्तरमा ओषधि स्वास्थ्य उपसलंशको खरिद, र भण्डारण र वितरण

(८) स्थानीयस्तरमा स्वास्थ्य सुचना प्रणालीको व्यवस्थापन

(९) स्थानीयस्तरमा जन स्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)

(१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यानिटिभस्वास्थ्य सेवाको सञ्चालन

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पल्य लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

(१३) आयुर्वेदिक, युनानी, आमची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत स्वास्त्य उपचार सेवाको व्यवस्थापन

(१५) जनस्वास्थ्य आपतकालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन

(१६) रोगको नियन्त्रण तथा रोकथाम

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन

## अनुसूचि-३

आधारभूत स्वास्थ्य सेवा प्याकेज : MoHP Website-www.mohp.gov.np

## अनुसूचि-४

स्वास्थ्य सेवाको न्यूनतम मापदण्ड : MoHP Website-www.mohp.gov.np

## अनुसूचि-५

गुणस्तर सुधार सम्बन्धी सामाग्रीहरु : MoHP Website -www.mohp.gov.np

## अनुसूचि-६

व्यवस्थापन समितिको कार्यसम्पादन स्व-मूल्याङ्कन फाराम :

स्वास्थ्य संस्थाको नामः ...................................... समीक्षा गरेको मितिः ......................................

क) संस्थागत क्षमता र समितिको सशक्तिकरण :

| क्र.सं. | सूचकहरू | छ (१) | छैन (०) |
|---|---|---|---|
| | गत ६ महिनामा समितिको बैठक नियमित भएको | | |
| | बैठकमा ५१ प्रतिशत वा त्यस भन्दा बढी उपस्थित हुने गरेको | | |
| | सदस्यहरु बैठकमा ठीक समयमा आउने गरेको | | |
| | समितिको मासिक बैठकको निम्ति निश्चित मिति र समय तोकेको | | |
| | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरु बैठकमा नियमित रुपमा उपस्थित हुने | | |
| | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरुले आफ्नो समुदायका स्वास्थ्य समस्या राखेको र उक्त सम्स्याहरुमा निर्णय प्रक्रियामा महत्व दिइएको | | |
| | बहुमत सदस्यहरुले आ-आफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरु समुदायसम्म पुर्याउने गरेको | | |
| | निर्णयहरु बुँदागत रुपमा कार्ययोजनाको रुपमा लेख्ने गरेको | | |
| | अघिल्लो महिनाको कार्ययोजनाको कार्यान्यिन तथा अनुगमन गर्ने गरेको | | |
| | गत आर्थिक वर्षको बार्षिक प्रगति विवरण सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| | अघिल्लो बैठकको प्रगति विवरण सवैले लेख्ने स्थानमा टाँस गरेको | | |

| | | | |
|---|---|---|---|
| | बैठकमा उठेका विषयवस्तु समाधानका लागि एक भन्दा बढी सदस्यलाई जिम्मेवारी दिने गरेको | | |
| | समितिको वार्षिक कार्ययोजना बनाएको र सबैको देख्ने स्थानमा टाँस गरेको | | |
| | समितिका सदस्यहरुको फोटो सहितको नामावली वोर्ड स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा टाँस गरेको | | |
| | समितिका सदस्यहरुको आफ्नो भूमिका तथा जिम्मेवारीहरु थाहा भएको | | |
| | समिति विधिवत् रुपमा (निर्देशिका अनुसार) गठन भएको | | |
| | समितिको आफ्नो लेटरप्याड र छाप बनाएको | | |
| | जम्मा | | |

स्वास्थ्य संस्थाको नामः ................................... समीक्षा गरेको मितिः ......................................

ख) स्वास्थ्य संस्था व्यवस्थापन :

| क्र.सं. | सूचकहरू | छ (१) | छैन (०) |
|---|---|---|---|
| | स्वास्थ्य संस्था भित्र तथा बाहिर कम्पाउन्डको बातावरण सफा र व्यवस्थित राखेको | | |
| | आवश्यकता अनुसार भौतिक पूर्वाधार (भवन, कोठा, प्रतिक्षालय, पानी, बिजुली, चर्पी, फर्निचर, आदि) को व्यवस्था गरेको | | |
| | स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन गर्न समितिले पहल गरेको | | |
| | स्वास्थ्य संस्थालाई व्यवस्थित रुपमा संचौशी गर्न आवश्यक औषधीको व्यवस्थापन गरेको | | |
| | स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरु व्यवस्थापन गरेको | | |

| | | | |
|---|---|---|---|
| | गा.पा., तथा अन्य निकायबाट स्वास्थ्य कार्यक्रमका लागि श्रोत परिचालन गरेको | | |
| | कार्यालय समय अनुसार (१० देखी ४ वा ५ वजेसम्म) स्वास्थ्य संस्था खोल्ने व्यवस्था गरेको | | |
| | समितिले स्वास्थ्य संस्थाको सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गर्ने गरेको | | |
| | समितिद्वारा योजना अनुसार स्वास्थ्य संस्थालाई सहयोग र सुपरिवेक्षण गर्ने गरेको | | |
| | समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको | | |
| | समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गर्ने गरेको | | |
| | समितिले आफुले गरेको कामको निश्चित प्रक्रिया अपनाई आफैले समीक्षा गर्न सक्षम भएको र गर्ने गरेको | | |
| | समितिले कर्मचारीहरुको कामको मूल्याङ्कन गरि प्रोत्साहन गर्ने गरेको | | |
| | समितिवाट महिला स्वास्थ्य स्वंय सेविकाको कामको मूल्याङ्कन गरि प्रोत्साहन गर्ने गरेको | | |
| | समितिले गा.पा.वा अन्य निकायसंग कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न समन्वय गर्ने गरेको | | |
| | समितिले महिला स्वास्थ्य स्वंम सेविकालाई आवश्यक सहयोग गर्ने गरेको | | |
| | समितिले विभिन्न क्षेत्रको स्वास्थ्य क्षेत्रको सुपरिवेक्षण पश्चात् देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरुलाई समितिको मासिक बैठकमा राखी छलफल गर्ने गरेको | | |
| | स्वास्थ्य संस्थाको वस्तुगत पार्शव चित्र (Helth Profile) बनाएको | | |

| | | | |
|---|---|---|---|
| | जम्मा | | |

स्वास्थ्य संस्थाको नामः ..................................समीक्षा गरेको मितिः ..............................

ग) स्वास्थ्य सेवाको अवस्थाः

| क्र.सं. | सूचकहरू | छ (१) | छैन (०) |
|---|---|---|---|
| | प्रत्येक महिना स्वास्थ्य संस्थाको सेवाको प्रगतिको समीक्षा मासिक अनुगमन कार्य पुस्तीकाको आधारमा गरी समितिको मासिक बैठकमा राख्ने गरेको | | |
| | खोपको लक्ष्य अनुसार प्रगति हासिल गरेको र समुदायमा आधारित नवजात शिशु स्याहार तथा वाल रोगको एकिकृत व्यवस्थापन गरेको | | |
| | ४ पटक गर्भजाँच सेवा लक्ष्य अनुसार प्रगति हासिल गरेको | | |
| | २२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगति हासिल गरेको | | |
| | लक्ष्य अनुसार टी.टी. खोपको प्रगति हासिल गरेको | | |
| | समितिले दक्ष स्वास्थ्यकर्मिबाट स्वास्थ्य संस्थामा सुत्करी गराउन व्यवस्था गरेको | | |
| | समितिले दक्ष स्वास्थ्यकर्मिबाट स्वास्थ्य संस्थामा सुत्करी गराउन व्यवस्था गरेको | | |
| | चाहाना हुँदा हुँदै पनि परिवार नियोजनको कुनै साधन उपभोग गर्न नसकेको दम्पत्तीहरुको पहिचान गरेको | | |
| | गाउँघर तथा खोप क्लिनिकहरु नियमित रुपमा संचालन हुने गरेको | | |
| | सेवाबाट छुटेका मानिस (महिला, दलित, जनजाती, पिछडिएका र संस्थाबाट टाढा रहेका) हरुको पहिचान गरी सेवामा उनिहरुको पहुँच बढाउन समुदाय परिचालन कार्य गर्ने गरेको | | |

| | | | |
|---|---|---|---|
| | राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुमा समितिले योजनाबद्ध रुपमा सहयोग गर्ने गरेको | | |
| | स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको तह अनुसार उपलब्ध गरेको | | |
| | स्वास्थ्य संस्थामा हुनुपर्ने ४ वटा अत्यावश्यक औषधिहरु (पुनर्जलीय झोल, एमोक्सीसिलीन, आइरन र भिटामिन ए) भए नभएको यकिन गरेको | | |
| | स्वास्थ्य संस्थामा हुनुपर्ने कम्तीमा ३ वटा परिवार नियोजनका साधनहरु ( कण्डम, पिल्स, डिपो) भए नभएको यकिन गरेको | | |
| | नागरिक वडापत्र सबैले देख्ने स्थानमा टाँस गरेको १५ समिति र स्वास्थ्य संस्थाको बार्षिक कार्ययोजना बनाएको | | |
| | गा.पा.को स्वास्थ्य आवश्यकताको पहिचान गरी वडा स्तरीय स्वास्थ्य योजना बनाएको | | |
| | अ.हे.व./अ.न.मी.ले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाउँघर क्लिनिक, स्वास्थ्य स्वयं सेविका कार्यक्रमबारे छलफल गर्ने गरेको | | |
| | जम्मा | | |

स्वास्थ्य संस्थाको नामः ............................... समीक्षा गरेको मितिः ...............................

## अनुसूचि-७

व्यवस्थापन समितिको बैठक रजिष्टर नमुना :

बैठक नम्बरः

मितिः साल महिना गते

| | | |
|---|---|---|
| | | |

बैठक सन्चालन भएको स्थानः

बैठकको संक्षिप्त विवरणः

आज मिति ................................... मा यस ........................................... प्राथमिक स्वास्थ्य सेवा केन्द्र/स्वास्थ्य चौकी/शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य इकाई/आधारभुत स्वास्थ्य सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष को अध्यक्षतामा निम्न लिखित महानुभावको उपस्थितिमा बसेको बैठकले विभिन्न प्रस्तावहरुमा छलफल गरी निम्नानुसारको निर्णय गर्यो ।

उपस्थितिः

| क्र.सं. | नाम | महिला / पुरुष | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

बैठकमा छलफलका लागि प्रस्तावहरुः

| क्र.सं. | प्रस्तावहरू | प्रस्ताव गर्ने सदस्यको नाम |
|---|---|---|
| | | |

बैठकका निर्णयहरु:

यो बैठकले उपरोक्त प्रस्तावहरुमा गहन छलफलगरी निम्नानुसारको कार्ययोजना सहितको निर्णय गर्यो ।

१. अघिल्लो बैठकका निर्णयको समीक्षा:

...............................................................

२. बैठकका मुख्य निर्णयहरु:

................................................................

३. निर्णय कार्यान्वयनको कार्य योजना :

| क्र.सं. | पहिचान भएका समस्या | कार्यान्वयनका लागि सिफारिस गरेका कियाकलापहरु | पुरा गर्ने समय सीमा | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

दस्तखत

## अनुसूची-८

## नागरिक वडापत्र

आधारभुत स्वास्थ्य सेवा प्याकेज र सेवाको न्यूनतम् मापदण्डमा उल्लेख भएका कार्यकमहरुको आधारमा तोकिएको ढाँचामा तयार गरी सेवाग्राहीको सहज पहुँच हुने स्थानमा टाँस गर्नुपर्नेछ।

आज्ञाले,
गणेश नेपाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०७६/०३/२५